नेपाली / *NEPALI*

मिति: बिहीबार, नोभेम्बर ५ तारिख

लागि: *UW–Madison* संकाय, कर्मचारी तथा विद्यार्थीहरू

बाट: *UW-Madison* कुलपतिको विशेष *Regent* समिति

UW–Madison कुलपतिको विशेष *Regent* समितिले तीनजना शीर्ष उम्मेदवारहरू घोषणा गऱ्यो

२३ सदस्यको खोज र मूल्याङ्कन समितिको सल्लाह बमोजिम, *UW–Madison* कुलपति खोजीको विशेष *Regent* समितिले तीनजना शीर्ष उम्मेदवारहरूको पहिचान गरेको छ जसले यस कार्यपदका लागि अन्तर्वार्तामा भाग लिन र अर्को हप्ता हुने सार्वजनिक फोरमहरूमा भाग लिन सहमत भएका छन्।

शीर्ष उम्मेदवारहरू अङ्ग्रेजी भाषाको वर्णमालाको अक्षर अनुसार क्रमागत रूपमा (*alphabetical order*) रहेका छन्:

- **Rashid Bashir,** *College of Engineering* का डीन तथा *Engineering* का *Grainger Distinguished* अध्यक्ष, *University of Illinois Urbana-Champaign*
- **John Coleman,** प्रोभोस्ट तथा शैक्षिक मामिलाका कार्यकारी उपकुलपति तथा राजनैतिक विज्ञानका प्राध्यापक, *University of Illinois Urbana-Champaign*
- **Radenka Maric**, अध्यक्ष तथा *Board of Trustees* का *Distinguished* प्राध्यापक, *Department of Chemical and Biomolecular Engineering*, *University of Connecticut*

उम्मेदवारहरू आगामी हप्ताका सार्वजनिक फोरमहरूमा छुट्टा छुट्टै यसरी आउनेछन्:

- सोमबार, नोभेम्बर ९ तारिख, बेलुकी ४:३० बजेदेखि ५:३० बजेसम्म, *Tripp Commons*, *Memorial Union*, 800 Langdon Street
    - Rashid Bashir

- बिहीबार, नोभेम्बर १२ तारिख, बेलुकी ४:३० बजेदेखि ५:३० बजेसम्म, *Tripp Commons*
    - John Coleman
- शुक्रबार, नोभेम्बर १३ तारिख, बेलुकी ४:३० बजेदेखि ५:३० बजेसम्म, *Tripp Commons*
    - Radenka Maric

विद्यार्थी, कर्मचारी, संकाय र सर्वसाधारणका सदस्यहरूलाई सार्वजनिक फोरमहरूमा उपस्थित हुन आमन्त्रित गरिन्छ, जुन व्यक्तिगत रूपमा हेर्न सकिन्छ र अन्लाईन मार्फत प्रत्यक्ष प्रसारण गरिने छैनन्। कुलपतिको खोजीको वेबसाईटमा प्रतिक्रियाको फाराम उपलब्ध गराइनेछ: https://go.wisc.edu/finalist_feedback। यस फाराम शनिबार, नोभेम्बर १४ तारिख बिहान १०:३० बजेसम्म खुला रहनेछ।

उम्मेदवारहरूले *UW–Madison* का विद्यार्थीहरू, कर्मचारी साझा प्रशासनका सदस्यहरू, डीनहरू; बाह्य पार्टनरहरू र अन्य व्यक्तिहरूसँग पनि अन्तर्वार्तामा भाग लिने छन्।

UW–Madison को आगामी कुलपति छनौट गर्नका लागि *Regents* ले २३ सदस्य रहेका खोज र मूल्याङ्कन समिति गठन गरे, जसमा *UW–Madison* का विद्यार्थीहरू, संकाय तथा कर्मचारीहरू, पूर्व छात्र तथा समुदायका सरोकारवालाहरू समावेश छन्। खोज र मूल्याङ्कन समितिलाई *Universities of Wisconsin Regent* Amy B. Bogost, अध्यक्ष, र *UW–Madison Division of Extension* का प्राध्यापक Annie Jones, उपाध्यक्षले उम्मेदवारहरूको समीक्षा गर्नुभएर योग्य उम्मेदवारहरूको सिफारिस विशेष *Regent* समितिलाई दिनुभयो, जसले शीर्ष उम्मेदवारहरू निर्धारण गरे।

अन्तर्वार्ता र फोरमहरू पछि, विशेष *Regent* समितिले छलफल र विचार गरेर पुरै *Board of Regents* लाई आफ्नो सिफारिस प्रदान गर्नेछ, जसले आगामी *UW–Madison* कुलपतिलाई काममा लगाउने अन्तिम निर्णय लिनेछ। यस प्रक्रियाले *Universities of Wisconsin* को रोजगार प्रदान गर्ने नीतिहरूको पालना गर्दछ अनि आगामी कुलपतिले *Universities of Wisconsin* को अध्यक्षलाई रिपोर्ट गर्नेछन्।

हरेक उम्मेदवारका जीवनीसम्बन्धी जानकारी तथा फोटोहरू यस वेबसाईट मार्फत उपलब्ध छ: https://chancellorsearch.wisc.edu।